# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं फाल्गुन १९ गते २००१ साल ] संख्या २८


## अर्थ ( आय ) विभागको सूचना

( विषय — तराईमा कष्टम आफिस खोल्ने — )

१९५० सन्‌को नेपाल हिन्दुस्थान वाणिज्य सन्धिअनुसार नेपाल सरकारले तराईको ५ विभिन्न स्थानहरूमा भंडारहरू खोल्नुपर्ने र साही सन्धिअनुसार भारतको ड्युटी माफी भै निकासी पैठारी हुने मालमा महसूल लिने विषयको टिप्पणी श्री ५ महाराज तथा मौसूफका परामर्शदातृसभामा पेश हुँदा कष्टमअफिसरहरू तालिम भै नपत्र्कं सम्मलाई देहायका कुरामा देहायबमोजिम गर्ने गरी पौष १८ गतेमा निर्णय भयो भन्ने श्री ५ का सेक्रेटरीयट अफिसबाट लेखिआएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला भनी जिल्ला बडाहाकिमहरूलाई लेखी गइसकेको छ। यसको सूचना भन्सार गोश्वारालाई पनि गइसकेको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) १ फेब्रुवरी १९५३ तदनुसार ०९ माघ १९ गतेदेखि तराईका भन्सार-
हरू चालु गर्ने।

(२) ती भन्सारहरू निम्न लिखित ठाउँहरूमा राख्नेः—

(क) जोगबनी नजिक——विराटनगरमा

(ख) जयनगर नजिक——जनकपुरमा

(ग) रक्सौल नजिक——वीरगञ्जमा

(घ) नौतनवा नजिक——भैरहवामा

(ङ) नेपालगञ्ज नजिक——नेपालगञ्जमा

(३) ती भन्सारहरूको कामकाज कष्टम अफिसरहरू तालिम भै फर्किनआएसम्मको
अन्तरीम काललाई उक्त स्थानमा बजार अड्डाले गर्नेछ। सन्धिपत्रअनुसार कष्टम
अफिसरले गर्ने काम र जो चाहिने रेखदेख उक्त जिल्लाका बडाहाकिमहरूले गर्ने।

(४) अन्तरीमकालमा ती भन्सारहरूबाट गर्ने कामः—

(क) भारत सरकारको अन्तःशुल्क वा पैठारी महसूल माफी गराई वा
फिर्ता हुने गरी भारतबाट वा बाहिरका मुलुकहरूबाट पैठारी भएर आउने
मालहरू नेपाल सरहदमा आइपुगेपछि यस कामलाई भारत सरकारले खटाएको
कष्टम अफिसरलाई सो मालहरू जचाई यस विषयको फारामहरू पास गराई
दिने र अरू सम्बन्धित परिआएको काम गर्ने र यसरी पैठारी भै आउने
मालमा नेपाल सरकारले ठेकेको महसूल लिने।

(ख) नेपालमा उब्जेको वा बनेको माल भारतबाहिर निकासी गर्दा भारत सर-
कारले लगाई राखेको निकासी महसूल, अन्तःशुल्क वा शेष नलाग्ने गरी
निकासी गर्ने नेपाल सरकारले ठेकेको निकासी महसूल लिई निकासी हुने माल
भारत सरकारले यस कामको निमित्त खटाएको कष्टम अफिसरलाई जचाई
सील गरी यस विषयको फारामहरू भराउन लगाई चलान गराउने।

३८०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अर्थ (आय) विभागबाट पठाएको ढाँचाबमोजिम यसरी निकासी पैठारी भएको मालहरूको छुट्टै लगत राख्ने राख नलगाउने र यसबाट आएको महसूलको छुट्टै स्याहा स्रेस्ता गर्ने गराउने। यसको छुट्टै मास्केवारी बनाई अर्थ (आय) विभागमा महिना महिनामा पठाउने।

(नोटः—)

यसको ढाँचा चाँडै चलान भै आउनेछ।

(५) यस विषयमा महसूल देहायबमोजिम लिनेः—

(क) भारतको पैठारी महसूल नलाग्ने वा फिर्ता हुने गरी पैठारी हुने मालहरूमा भारतको भंसार दरबन्दी (Indian Customs) मुताबिक बी फर्ममा उल्लेख गरिएको महसूल (सैकडा १० घरौट राख्ने रकम बाहेक) महसूल लिने।

(ख) भारतको अन्तः शुल्क नलाग्ने वा फिर्ता हुने गरी पैठारी हुने मालहरूमाः— एक्साईज फार्म हेरी भारतको एक्साईज ड्युटी निर्णय गरी रक्सी र चुरोटमा बाहेक एक्साईज ड्युटी माफी भएर आएको मालमा एक्साईज ड्युटी सरह मात्र महसूल लिने। तर चुरोटमा एक्साईज ड्युटी र एक्साईज ड्युटीबाहेकको मोलको ४ खण्डको १ खण्ड थप महसूल लिने (रक्सीमा एक्साइज ड्युटी र एक्साईज ड्युटीबाहेकको मोलको सैकडा सय थप महसूल लिने)

नोटः—भारतको एक्साईज ड्युटी निर्णय गर्दा बी फारममा लेखिएको दरदामको चेक गरी महसूल लिने गर्नू।

(ग) भारतको निकासी महसूल नलाग्ने वा फिर्ता हुने गरी भारतबाहिरका मुलुकमा निकासी हुने मालहरूमा पछि निकाशा भई आउनेछ।

(घ) माथि दफा क, ख, ग, मुताबिक महसूल लिइसकेको मालमा साधारण दरबन्दी सवालबमोजिम निकासी पैठारी महसूल, ड्यूटी दस्तुर र वक्कआना लिनुपर्दैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ङ ) माथि दफा ५ (क), (ख), (ग), मुताबिक महसूल लिई ४ को ७, ४ को ८ गर्नुपर्दैन र नेपाली सिक्काको दरबन्दी भएको भंसारले हिन्दुस्थानी सिक्कालाई नेपाली सिक्कामा बदल्नुपर्दा कं. रु. १०० को बराबर मोहरु १२५। मान्ने।

(च) समुद्रपार निकासीको निमित्त भित्री जिल्लाहरुबाट निकासी गर्दा सो भित्री जिल्लाका भन्सार बजारमा हिन्दुस्थान निकासीको दरबन्दी सवालबमोजिम महसूल तिरी तराईको यो भन्सार बजारमार्फत फलाना मुलुकमा निकाशी गर्ने भन्ने सो महसूल तिरेको भन्सारबाट निस्सा लिएर जानुपर्छ। यस्तो निस्सा लिएर आएको मालमा भारतपार निकासीको महसूल दफा ५ (ग) बमोजिम लिंदा सो पहिले तिरेर आएको महसूल रिहाई गरिदिनु।

(छ) दफा ५ (क),(ख) बमोजिम महसूल तिरी पैठारी गरिएको माल अर्को भन्सार बजार इलाकामा लैजाँदा सो महसूल तिरेको भन्सारबाट भन्सार तिरेको रसीद र फलाना इलाका जिल्लामा लैजाने भन्ने पुर्जी गराएर लैजानुपर्छ। यस्तो निस्सा लिएर साथ लगेको मालमा सो अर्को भन्सार बजारबाट कुनै महसूल लिनुपर्दैन।

(ज) दफा ५ (क)(ग) बमोजिमको निकासी पैठारी महसूल तिब्बतमा गरिने निकासी पैठारीमा लाग्दैन।

(झ) यो सवाल चालु भएको मितिदेखि साबिकमा ड्युटी फ्री भएर आएको मालको बसार पसारमा प्रतिबन्ध लगाउन बनेको सवाल सनद आदेशहरु जम्मै खारेज हुन्छ।

रामप्रसाद जोशी

असिस्टेन्ट सेक्रेटरी, अर्थ (आय) विभाग.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

३६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।